नागरिक लगानी कोषको त्रैमासिक प्रकाशन

द.नं.जि.का. ४८/२०६६/०६७

लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

CIT Newsletter

वर्ष : १९ अङ्क : ३४ २०८३ असोज

कोषको कार्यकारी निर्देशकमा कार्की नियुक्त

काठमाडौं (ना.ल.कोष) । नेपाल सरकार, मन्त्रिपरिषद्ले नागरिक लगानी कोषको कार्यकारी निर्देशकमा पर्वत कुमार कार्कीलाई नियुक्त गरेको छ । उदयपुरका स्थायी बासिन्दा कार्कीलाई २०८३।०५।०३ गतेको मन्त्रिपरिषद् बैठकले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४२ को उपदफा १ बमोजिम कार्यकारी निर्देशकमा नियुक्त गरेको हो ।



नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट निवृत हुनु भएको कार्की यसअघि पनि कोषको कार्यकारी निर्देशक हुनुहुन्थ्यो । उहाँ यसपूर्व २०८० माघ ३ गते पनि कोषको कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाबाट नै छनोट हुनुभएको थियो ।

राष्ट्र बैंकका अतिरिक्त नेपाल ग्रामिण विकास बैंक र किसान लघुवित्त वित्तीय संस्था लिमिटेडकोको प्रमुख कार्यकारी अधिकृत (सी.ई.ओ) को रूपमा काम गरेको अनुभव उहाँसँग छ । कार्कीले अस्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालयबाट मास्टर अफ बैंकिङ एन्ड फाइनान्स (एम.बि.एफ) गर्नु भएको छ भने त्रिभुवन विश्वविद्यालयबाट व्यववस्थापनमा स्नाकतोत्तर गर्नुभएको छ । उहाँले केन्द्रीय बैकिङ, वित्तीय स्थिरता र वित्तीय बजार विश्लेषणलगायतका विषयमा अन्तर्राष्ट्रिय तालिमसमेत प्राप्त गर्नुभएको छ ।

संस्थागत सुशासन र विस्तृत कार्यदिशा बनाएर अघि बढ्न निर्देशन

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले संस्थागत सुशासन र विस्तृत कार्यदिशा बनाएर अघि बढ्न कोषका कर्मचारीहरूलाई निर्देशन दिनुभयो । कोषमा पदबहालीको अवसरमा आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो । कार्यकारी निर्देशक कार्कीले सम्पूर्ण कर्मचारी वर्गलाई सम्बोधन गर्दै संस्थाको वर्तमान स्थिति, वित्तीय क्षेत्रका चुनौतीहरू, संस्थागत सुशासन र प्रभावकारी सेवा प्रवाहका विषयमा विस्तृत योजना बनाएर अघि बढनुपर्ने बताउनुभयो ।

ठूलो जनअपेक्षा सहित बनेको सरकारले आफूलाई कार्यकारी निर्देशकको जिम्मेवारी दिएकोमा नेपाल सरकारप्रति आभार व्यक्त गर्दै उहाँले सरकारको आर्थिक विकासको एजेन्डामा नागरिक लगानी कोषले पुऱ्याउने योगदानका लागि आफूले पूर्ण इमान्दारीताका साथ प्रतिवद्ध भएर कार्य गर्ने र सोका लागि सम्पूर्ण कर्मचारीहरूलाई यो उद्देश्य प्राप्तिमा सक्रिय रुपमा क्रियाशील रहन आग्रह गर्नुभयो । आफू यो संस्थाको लागि नौलो व्यक्ति नभएकाले संस्थागत वस्तुस्थितिप्रति आफू जानकार रहेकाले नयाँ वातावरणमा संस्थालाई थप सबल, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउन आफू दृढ रहेको धारणा राख्नुभयो ।

विशेष परिस्थितिबस तीन-चार महिना आफू संस्थामा नरहेको भए पनि संस्थाप्रतिको सामीप्य, चासो र उत्तरदायित्व सधैं मनमस्तिष्कमा कायम रहेको उहाँले बताउनुभयो । नेपाल सरकारले आफूमाथि विश्वासको साथ पुनः जिम्मेवारी सुम्पेकोमा सरकारप्रति आभार प्रकट

....बाँकी पृष्ठ २ मा



संस्थागत सुशासन.....

गर्दै उहाँले कर्मचारीहरूसँग पनि आत्मिय सम्बन्ध रहेकोले आफूलाई कार्य गर्न सहज हुने अपेक्षा गर्नुभयो ।

कोषको वर्तमान वित्तीय स्थिति र वित्तीय बजारको अवस्थाबारे गम्भीर समीक्षा गर्दै उहाँले पछिल्लो समयमा समग्र अर्थतन्त्र र बैङ्किङ क्षेत्रमा देखिएका उतारचढावले कोषको मूल कार्यसम्पादनमा पारेको प्रभावबारे चर्चा गर्नुभयो । हाल कर्जाको माग उल्लेख्य रूपमा घटेकाले बैंक तथा वित्तीय संस्थामा अधिक तरलता रहेको, नागरिक लगानी कोषको समेत ठूलो फन्ड कल/करेन्ट खातामा बसेकाले निक्षेपको ब्याजदरमा निरन्तर संकुचन आएको र वित्तीय बजारमा उच्च प्रतिस्पर्धा हुनुका कारण कोषको स्रोत परिचालनमा केही अप्ठ्यारो परिस्थिति सिर्जना भएको उहाँले बताउनुभयो ।

बजारमा उच्च प्रतिस्पर्धा, विभिन्न वित्तीय संस्थाहरूबीचको कार्यगत दोहोरोपना र नीतिगत जटिलताका बीच पनि कोषले आफ्नो छुट्टै साख र विश्वास जोगाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ थियो । उहाँले वित्तीय बजारका चुनौतीलाई समस्याका रूपमा मात्र नहेरी संस्थागत सुधार र नवीन लगानीका क्षेत्रहरू पहिल्याउने सुवर्ण अवसरका रूपमा लिनुपर्नेमा जोड दिनुभयो । कोषमा संकलित ठूलो धनराशिलाई राम्रो प्रतिफल दिने सुरक्षित र उत्पादनशील क्षेत्रमा कसरी परिचालन गर्ने भन्ने विषयमा आफू अत्यन्तै गम्भीर रहेको र यसका लागि नवीन रणनीतिहरू अवलम्बन गरिने उहाँले स्पष्ट पार्नुभयो ।



संस्थाको आन्तरिक कार्य प्रणालीलाई चुस्त र पारदर्शी बनाउन आफूले सहभागितामूलक व्यवस्थापनलाई उच्च महत्वका साथ कार्यान्वयनमा ल्याउने बारेमा प्रकाश पार्नुभयो । आफू पूर्ण रूपमा खुला र सहभागितामूलक निर्णय प्रक्रियामा विश्वास राख्ने व्यक्ति भएको बताउँदै उहाँले संस्थाका हरेक नीतिगत तथा प्रशासनिक निर्णयहरूमा सबै तहका कर्मचारीहरूको विचार, अनुभव र योगदानलाई आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सेवा प्रवाहलाई आधुनिक, प्रविधिमैत्री, छिटो-छरितो र नागरिकमैत्री बनाउनुपर्ने विषयमा बोल्दै उहाँले सेवाग्राहीप्रति सम्मानजनक व्यवहार गर्न निर्देशन दिनुभयो । कोषमा आफ्नो सञ्चित रकम जम्मा गर्न वा भुक्तानी लिन आउने आम नागरिक, राष्ट्रसेवक तथा अन्य सेवाग्राहीहरूलाई मुस्कानसहितको सेवा प्रदान गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

आधुनिक प्रविधिको प्रयोगबारे चर्चा गर्दै उहाँले कोषका सेवाहरू डिजिटलाइज्डतर्फ गए पनि पूर्ण रूपमा स्वचालित र अटोमेसनमा लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो । प्रविधिको अधिकतम उपयोगले मात्र काममा पारदर्शिता ल्याउन, त्रुटि कम गर्न र सेवाग्राहीलाई तत्काल सेवा पुऱ्याउन सम्भव हुने भएकाले यस दिशामा

....बाँकी पृष्ठ ६ मा

नवनियुक्त कार्यकारी निर्देशक कार्कीको पदबहाली

काठमाडौं (ना.ल.कोष)। नागरिक लगानी कोषका नवनियुक्त कार्यकारी निर्देशकमा पर्वत कुमार कार्कीले मिति २०८३ भदौ ५ गते पदबहाली गर्नुभयो । सो अवसरमा उहाँले सुशासन र सेवा प्रवाहलाई प्रभावकारी रूपमा सञ्चालन गर्न कोषले गर्दै आएको कार्यलाई अझ चुस्त र पारदर्शी रूपमा अघि बढाउने बताउनुभयो । साथै कोषमा रहेको ठूलो फन्डलाई सरकारका प्राथमिकतामा रहेका परियोजना र उत्पादनशील क्षेत्रमा परिचालन गरी मुलुकको आर्थिक विकासमा कोषले योगदान पुऱ्याउन विशेष जिम्मेवारीको साथ कार्य गर्नुपर्ने बताउनुभयो ।



प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नागरिक लगानी कोषको एक करोड एक लाख सहयोग

काठमाडौं (ना.ल.कोष) । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नागरिक लगानी कोषले एक करोड एक लाख रुपैयाँ सहयोग गरेको छ । उक्त रकमको चेक कोषका सञ्चालक समितिका कार्यवाहक अध्यक्ष उत्तर कुमार खत्री र कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई मिति २०८३ भदौ १५ गते हस्तान्तरण गर्नुभएको हो ।



रसुवाको भोटेकोसी तथा त्रिशुली नदीमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्का कारण मानवीय तथा भौतिक क्षेत्रमा ठूलो क्षति पुगेको दु:खद् परिस्थितिमा सरकारको राहत, उद्धार तथा पुन:स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले कोषले उक्त रकम जम्मा गरेको हो । सो अवसरमा कोष सञ्चालक समितिका सदस्य नारायण प्रसाद घिमिरे तथा निर्देशक शोभा श्रेष्ठको समेत उपस्थिति थियो ।

सुरक्षित भविष्यका लागि नागरिक लगानी कोषको 'कर्मचारी बचत वृद्धि अवकास कोष'मा सहभागी होऔं ।

यस कार्यक्रमका विशेषता :

- कार्यक्रममा निजामती कर्मचारी वा सरकारी/अर्धसरकारी वा प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी संगठित संस्थामा कार्यरत कर्मचारीहरु सहभागी हुन सक्ने ।
- कोषका सहभागीहरुलाई बचत गर्न सुरु गरेको एक आर्थिक वर्ष (३६५ दिन) पछि बचत रकमको ९० प्रतिशतसम्म सापटी सुविधा ।
- सहभागीहरुलाई निजी आवासीय घर निर्माण, घर खरिद, फ्ल्याट खरिदका लागि घरजग्गा धितोमा एक करोड रुपैयाँसम्मको आवास कर्जा तथा जग्गा खरिदका लागि पचहत्तर लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- श्रीमान्/श्रीमती दुवै कोषमा सहभागी भएमा एक करोड पचास लाख रुपैयाँसम्मको आवास कर्जा सुविधा ।
- सहभागीहरुलाई घर मर्मत/पुनर्संरचना/पुनर्तालिकीकरण र घर सजावटका लागि धितोमा अधिकतम पच्चीस लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- सहभागीहरुलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि घरजग्गा धितोमा पचास लाख रुपैयाँसम्मको सरल कर्जा सुविधा ।
- सहभागीहरूको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल पाइने ।
- सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा दुई लाख रुपैयाँसम्मको विपद् सहुलियतको व्यवस्था ।
- आयकर नियमावली, २०५९ (पन्ध्रौं संशोधन) अनुसार वार्षिक पाँच लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ, सो रकमसम्म कर छुट ।

विस्तृत जानकारीका लागि:
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

कोष सञ्चालक समितिमा दाहाल

काठमाडौं (ना.ल.कोष) नेपाल सरकार अर्थमन्त्रालयले राजस्व व्यवस्थापन महाशाखाका सहसचिव डा.सुमन दाहाललाई कोष सञ्चालक समितिमा नियुक्त गरेको छ । उहाँसँगै मन्त्रालयले चार्टर्ड एकाउन्टेन्ड मुकुन्द कुमार क्षेत्रीलाई पनि कोष सञ्चालक समितिमा नियुक्त गरेको छ ।

यो भन्दाअघि कोष सञ्चालकमा उत्तर कुमार खत्री हुनुहुन्थ्यो । उहाँ नेपाल सरकारको सचिवमा पदोन्नति हुनुभएपछि डा.दाहाललाई अर्थ मन्त्रालयले कोष सञ्चालकमा नियुक्ति गरेको हो ।

नागरिक लगानी कोष र राइनास नगरपालिकाबीच नागरिक पेन्सन योजना सञ्चालन सम्झौता

काठमाडौं (कास)। नागरिक लगानी कोष र गण्डकी प्रदेशको लमजुङस्थित राइनास नगरपालिकाबीच नागरिक पेन्सन योजना सञ्चालन गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतामा मिति २०८३ साउन ११ गते कोषका नि.कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी र नगरपालिकाको नगर प्रमुख खड्ग बहादुर गुरुङले हस्ताक्षर गर्नुभएको हो ।

स्थानीय तहमा कार्यरत करार कर्मचारीहरूको सामाजिक सुरक्षा र सेवा निवृत्त पछिको जीवनलाई सुरक्षित बनाउने उद्देश्यका साथ नगरपालिकाले कोषसँग औपचारिक समझदारी गरेको हो ।

सम्झौतापछि नगरपालिकामा कार्यरत करार कर्मचारीहरू औपचारिक रूपमा कोषद्वारा सञ्चालित नागरिक पेन्सन योजनामा सहभागी हुनेछन् । योजनामा सहभागी हुने प्रत्येक कर्मचारीका लागि मासिक पाँच हजार रुपैयाँ कोषमा जम्मा गरिनेछ । जसमा नगरपालिकाको तर्फबाट पचास प्रतिशत अर्थात् दुई हजार पाँच सय रुपैयाँ योगदान हुनेछ भने बाँकी दुई हजार पाँच सय रुपैयाँ सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट कट्टी गरिनेछ । नगरपालिकाले हरेक महिना यो रकम तोकिएको बैंक खातामा दाखिला गरी फाँटवारी वा अनलाइन प्रणालीमार्फत विवरण अध्यावधिक गराउनेछ ।

आगामी आर्थिक वर्षहरूमा भने नगरपालिकाको निर्णयअनुसार यस योगदान रकममा थपघट गर्न सकिने प्रावधान राखिएको छ । सम्झौता बमोजिम कोषले सहभागी कर्मचारीहरूका लागि आवश्यक पर्ने ग्राहक पहिचान (केवाईसी) फर्म र परिचयपत्र कार्ड



निःशुल्क उपलब्ध गराउनेछ । साथै, कोषले प्रत्येक कर्मचारीको व्यक्तिगत खाताको वित्तीय विवरण छुट्टै र पारदर्शी रूपमा व्यवस्थापन गर्नेछ । कर्मचारीको खातामा जम्मा भएको रकममा दैनिक बचतका आधारमा कोषको नियमानुसार आकर्षक ब्याज प्रदान गरिनेछ । सो ब्याजलाई वार्षिक रूपमा पुँजीकरण गर्दै लगिने पनि सम्झौतामा उल्लेख छ ।

पेन्सन योजना सञ्चालन कार्यविधि, २०७६ अनुसार सहभागी कर्मचारीहरूले एक मुष्ठ वा साठ्ठी वर्ष उमेर पूरा गरेपछि आजीवन मासिक पेन्सन प्राप्त गर्न सक्नेछन् । सेवा अवधि वा पेन्सन प्राप्ति पश्चात् सिर्जना हुन सक्ने सम्भावित जोखिमहरूलाई समेत यस समझदारीले सम्बोधन गरेको छ । योजनामा निरन्तर पाँच वर्ष सहभागी भएपछि कर्मचारीले पालिकाको सिफारिसमा जम्मा भएको रकमको निश्चित प्रतिशत सापटीका रूपमा प्रयोग गर्न पाउनेछन् ।

पेन्सन पाउन सुरु गरेपछि वा पाउनुअघि कुनै सहभागीको मृत्यु भएमा वा हराई बेपत्ता भएमा निजको पति वा पत्नीलाई नियमानुसार पेन्सन वा सञ्चित रकम हस्तान्तरण गरिनेछ । दुवैको मृत्यु भएको अवस्थामा पालिकाको सिफारिसमा नजिकको हकवालालाई सो रकम प्रदान गरिनेछ । यसका अतिरिक्त जुनसुकै कारणले सहभागीको मृत्यु भएमा कोषले तोकिएको अन्तिम संस्कार खर्चसमेत कार्यविधिमा व्यवस्था भएअनुसार हकवालालाई उपलब्ध गराउनेछ ।

कुनै कर्मचारीको रोजगारी टुट्ने वा विशेष परिस्थितिका कारण रकम जम्मा गर्न बन्द हुने अवस्था आएमा दुई वर्ष पूरा भएपछि पालिकाको सिफारिसमा रकम फिर्ता लिन सकिने वा निजी रूपमा सो खाता सुचारु राख्न सकिने सुविधासमेत प्रदान गरिएको छ । समझदारी पत्रमा उल्लेख नभएका अन्य विषयहरू नेपाल सरकार, राइनास नगरपालिका र नागरिक लगानी कोषको प्रचलित कानुन अनुसार हुनेछ ।

कार्य सम्पादन सम्झौता

काठमाडौं (कास) । नागरिक लगानी कोषका विभागीय प्रमुखहरूसँग आर्थिक वर्ष २०८३/८४ को कार्यसम्पादन सम्झौता भएको छ । २०८३ असोज ७ गते कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले विभागीय प्रमुखहरूसँग कार्य सम्पादन सम्झौता गर्नुभएको हो ।

कार्य सम्पादन सम्झौता गर्नुहुने विभागीय प्रमुखहरू (निर्देशक) क्रमशः शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, छबिरमण अधिकारी र नबराज खड्का रहनु भएको छ । कोषको कामहरूलाई निर्धारित समयमा प्रभावकारी रुपमा सम्पन्न गर्न/गराउनको लागि उक्त सम्झौता भएको हो ।



कार्यसम्पादन सम्झौतापछि कार्यकारी निर्देशक पर्वत कुमार कार्की र निर्देशक शोभा श्रेष्ठ सुवेदी ।



कार्यसम्पादन सम्झौतापछि कार्यकारी निर्देशक पर्वत कुमार कार्की र निर्देशक हेमन्त पोखरेल ।



कार्यसम्पादन सम्झौतापछि कार्यकारी निर्देशक पर्वत कुमार कार्की र निर्देशक छबि रमण अधिकारी ।



कार्यसम्पादन सम्झौतापछि कार्यकारी निर्देशक पर्वत कुमार कार्की र निर्देशक नबराज खड्का ।

नागरिक पेन्सन योजनामा सहभागी होऔं !
अवकाशपछिको जीवन सुरक्षित बनाऔं !!

यस योजनाका मुख्य विशेषता:

- सबै नेपाली नागरिक सहभागी हुन सक्ने ।
- गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने ।
- न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने । आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने ।
- जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल पाइने । यसका अतिरिक्त अन्य सुविधासमेत भएको ।
- साठी वर्ष उमेर पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने । पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ट रकम फिर्ता भुक्तानी लिन सकिने ।

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१-५४७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं

नागरिक लगानी कोषको ब्याजदरमा हेरफेर

काठमाडौं (ना.ल.कोष) । नागरिक लागनी कोषले सञ्चालनमा ल्याएको विभिन्न कार्यक्रम र योजनाहरूको ब्याजदरमा हेरफेर गरेको छ । कोष सञ्चालक समितिको मिति २०८३ असोज २७ गते बसेको बैठकको निर्णयअनुसार ब्याजदर हेरफेर गरिएको हो । बजारमा रहेको अधिक तरलता र लगानी अवस्थालाई मूल्यांकन गर्दै कोषले ब्याजदर हेरफेर गरेको हो ।

क्र.सं	योजना	आव २०८२/८३ माघको ब्याजदर (प्रतिशत)	आव २०८३/८४ कात्तिकको ब्याजदर (प्रतिशत)
१.	कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष	३.७५	३.५०
२.	कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष (९०) प्रतिशत कर्जा	५.२५	५.००
३.	आवास कर्जा	७	६.७५
४.	सरल कर्जा	७.२५	६.९५
५.	नागरिक एकांक योजना (व्यक्तिगत)	५	४.५०
६.	नागरिक एकांक योजना (संस्थागत)	३.५	३.००
७.	लगानीकर्ता/उपदान कोष	२.७५	२.७५
८.	लगानीकर्ता र उपदान कोष योजना कर्जा (८०) प्रतिशत सापटी	४.२५	४.२५
९.	बीमा कोष (निजामती)	२.७५	२.७५
१०.	बीमा कोष (शिक्षक)	२.७५	२.७५
११.	बीमा कोष (नेपाल प्रहरी)	२.७५	२.७५
१२.	बीमा कोष (सशस्त्र प्रहरी बल)	२.७५	२.७५
१३.	बीमा कोष (नेपाली सेना)	२.७५	२.७५
१४.	बीमा कोष (नार्क)	३.७५	३.५०
१५.	बीमा कोष (राष्ट्रिय अनुसन्धान विभाग)	२.७५	२.७५
१६.	नागरिक पेन्सन योजना	४.५	४.५
१७.	सरल कर्जा उपदान	७.२५	६.९५
१८.	नार्क बीमा (८०) प्रतिशत ऋण	५.२५	५.००
१९.	शैक्षिक कर्जा	७	६.७५
२०.	सवारी कर्जा	७.२५	६.७५

संस्थागत सुशासन.....

उच्च प्राथमिकताका साथ कार्य गर्नुपर्ने उहाँले बताउनुभयो ।

कोषको लेखा परीक्षण प्रतिवेदनमा महालेखा परीक्षकको कार्यालयले औँल्याएका कैफियतहरूलाई अत्यन्त गम्भीरताका साथ लिई सो सुधारका लागि सबै कर्मचारीहरू सक्रिय रूपमा लाग्नु पर्ने उहाँले बताउनु- भयो । यस्तो भएमा संस्थाको गरिमा र सर्वसाधारणको विश्वास अझ बढ्ने हुन्छ ।

कर्मचारीले व्यवस्थापनसँग आफ्ना समस्या, आन्तरिक गुनासा वा संस्थागत सुधारका प्रस्तावहरू कुनै संकोच नमानी ल्याउन उहाँले आग्रह गर्नुभयो । कर्मचारीहरूको पेसागत हकहित, क्षमता अभिवृद्धि, वृत्ति- विकास र दैनिक कार्यसम्पादनमा आउने व्यावहारिक कठिनाइहरू समाधानका लागि व्यवस्थापन सधैँ सकारात्मक र अभिभावकीय भूमिकामा रहने उल्लेख गर्दै उहाँले संस्थाको प्रगति नै कर्मचारीहरूको वृत्ति-विकासको मुख्य आधार भएको बताउनुभयो । सो अवसरमा उहाँले हालै पदोन्नति हुनुभएका कर्मचारीदेखि भर्खरै सेवा प्रवेश गरेका नयाँ कर्मचारीहरूलाई हार्दिक बधाईसमेत दिनुभयो ।

कार्यक्रममा कोषका निर्देशक शोभा श्रेष्ठ सुवेदीले नवनियुक्त कार्यकारी निर्देशकलाई सफलताको शुभकामना दिनुहुँदै उहाँको नेतृत्वमा कोषका विद्यमान समस्या समाधानका साथ कोष अझ सशक्त रूपमा अघि बढ्ने विश्वास व्यक्त गर्दै सो का लागि सबै कर्मचारीको साथ सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसैगरी निर्देशक हेमन्त पोखरेलले नवनियुक्त कार्यकारी निर्देशकको नेतृत्वमा कोषलाई व्यावसायिक दक्षताको थप उचाइमा पुऱ्याउने बताउँदै सफल कार्यकालको शुभकामना दिनुभयो । कोष कर्मचारीको तर्फबाट अच्युतम पौडेल र हरि शंकर तिमिल्सिनाले नवनियुक्त कार्यकारी निर्देशकले कोषको श्रीवृद्धिमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै त्यसमा कर्मचारीहरूको पूर्ण साथ रहने धारणा राख्नुभयो ।

नागरिक लगानी कोष

कोषको वित्तीय अवस्था (अपरिष्कृत)

२०८३ असोज मसान्तसम्म

कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
शेयर पुँजी	६,८०५,७९८	६,४८१,७१२
खुद कोष मौज्दात	३५५,४९२,९१९	२९६,८९४,१४१
कुल अवकाश कोष मौज्दात	३३७,५४७,६४४	२७४,०९७,०८५
क.ब.वृ. अवकाश कोष	२४०,७५७,३७७	१९८,३११,४३१
नागरिक एकाङ्क योजना	२,१८४,८४५	१,७८०,०९२
उपदान कोष योजना	७३,५९०,५१८	५४,१६९,१०९
लगानीकर्ता हिसाब	१२,७११,९६१	११,१४३,९६१
राष्ट्रसेवक कर्मचारीको बीमा कोष	७,३७७,३१५	८,१०२,००२
नार्क बीमा कोष	१६४,७५०	१६०,९८९
नागरिक पेन्सन योजना	७६०,८७७	४२९,५००
बीमाकोष दायित्व	२,८०५,१०५	२,५४८,१८७
जगेडा कोष	१५,१४१,१७०	२०,२४८,८६९
केन्द्रीय हिसाब	३,८८६,८९४	४,४७७,७३५
अन्य कोष र योजना	११,२५४,२७५	१५,७७१,१३४
उचित मूल्य कोष	७,१३७,०९५	९,३५६,८८६
पुनःमूल्याङ्कन कोष	८८०, ४९४	३३२,०६०
चालू दायित्व तथा व्यवस्था	१२,६५४,०६५	६,०९१,०८२
जम्मा :	३८२,९७०,३७०	३१९,१५५,६८२

कोषको उपयोग (Applications of Fund)

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
खुद स्थिर सम्पत्ति	२,७७५,७२३	२,२०८,५४७
लगानी	३४२,५७२,६०१	२९५,८२८,४८५
नेपाल सरकारको ऋणपत्र	३८,८१८,७०७	३,६३२,५००
मुद्दति निक्षेप	१४०,६७७,२४८	१६२,५४३,२५१
समयकालीन कर्जा	२८,१५२,६०१	२६,३८५,३७३
सहायक कम्पनीमा लगानी	२,७२४,६७५	२,७२४,६७५
सहभागी सापटी तथा आवास कर्जा	७३,८८८,९४९	६३,९४१,०३४
ट्रेजरी बिल	२३,०७१,०००	४,३२९,७२४
सङ्गठित संस्थाको शेयर/धितोपत्र	३५,२३९,४२१	३२,२७१,९२८
उचित मूल्य समायोजित सम्पत्ति	७,१३७,०९५	९,३५६,८८६
बैक मौज्दात	२३,०४९,२३७	२,८७०,५८७
चालू सम्पत्ति	७,४३५,७१५	८,८९१,३७६
जम्मा :	३८२,९७०,३७०	३१९,१५५,६८२

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

नागरिक लगानी कोष

केन्द्रीय हिसाब

२०८३ श्रावण १ देखि २०८३ असोज मसान्त सम्मको अपरिष्कृत आय/व्यय हिसाब

रु. हजारमा

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
ब्याज आम्दानी	५८,२९७	९७,२१२
सेवा शुल्क तथा कमिसन आम्दानी	४६९,६२४	४२७,४३३
विविध आम्दानी	३०,२१९	१२,५५७
कुल आम्दानी	५५८,१४०	५३७,२०३
व्यवस्थापन खर्च	९४,८६१	७८,६७७
खर्च व्यवस्था	४०,७७२	३९,२९७
कुल खर्च	१३५,६३२	११७,९७४
कर अगाडिको खुद नाफा	४२२,५०८	४१९,२२८
आय कर व्यवस्था	१०६,३९१	१०४,९००
खुद नाफा	३१६,११७	३१४,३२८

Particulars

Financial Ratios & Other Information:

Overall	As on Ashwin 2083	As on Ashwin 2082
Return on Investment (ROI)	**4.27%**	**4.81%**
Fund to Investment ratio	**94.31%**	**98.24%**
Weighted average cost of fund	**4.04%**	**4.55%**
Central Account	-	-
Net Worth (Rs. in '000)	**10,692,692**	**10,959,447**
Net Worth (Value per share)	**157.11**	**169.08**
Earning Per Share (in Rs.) - Annualized	**18.58**	**19.40**

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **कोष प्रवर्द्धक रहेका कार्यक्रम योजनाहरू**

१. कर्मचारी बचत वृद्धि अवकाश कोष
२. नागरिक एकाङ्क योजना
३. उपदान तथा पेन्सन योजना
४. लगानीकर्ता अवकाश कोष
५. राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीका कोष
६. नार्क बीमा योजना
७. नागरिक पेन्सन योजना

३. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूबाट मासिक रूपमा सङ्कलन हुने रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, लगानीबाट प्राप्त ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले लगानी विविधीकरणलाई प्राथमिकतामा राखेको छ । यद्यपि हाल वित्तीय बजारमा अधिक तरलता भई कर्जाको मागमा कमी आएको, बैंकहरूबाट निक्षेपको माग हुन छाडेको अवस्था रहेको छ । यसबाट कोषको लगानी व्यवस्थापनमा केही कठिनाई परेको छ । अल्पकालीन तरलता व्यवस्थापनका लागि ट्रेजरी बिल्स र लेखाको सम्पत्ति दायित्व मिलानको सिद्धान्त अनुरूप दीर्घकालीन प्रकृतिका सरकारी ऋणपत्रमा समेत लगानी गरिरहेको अवस्था छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

४. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट आदेश/फैसला आइरहेको अवस्था विद्यमान छ ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गरिएकोमा मिति २०८३ वैशाख ३१ मा भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसलाले आन्तरिक राजस्व विभाग, लाजिम्पाटको निर्णय उल्टी हुने ठहर भएको तथा राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर ठूला करदाता कार्यालयले पुनरावेदनको अनुमति पाऊँ भनी सम्मानित सर्वोच्च अदालतमा दिएको निवेदनमा पुनरावेदन गर्ने अनुमति प्रदान गर्न मिलेन भनी मिति २०८३/५/३० मा आदेश भएको ।

५. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्या:

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार शेयर सङ्ख्या
१,८३६.००	१,६२१.१०	१,७३५.००	६१	२,६९,८१७

६. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याई रहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याईरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजारतर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दति निक्षेप हाल माग हुन छाडेको अवस्था एवं कर्जाको माग समेत कम भएको स्थिति लगायतका कारण कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतिपूर्ण रहेको छ । यी कोष सामु रहेका चुनौतीहरू व्यवस्थापनका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आकर्षक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगायतका रणनीति लिएको छ ।

७. **संस्थागत सुशासन**

कोषको शिर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति, जोखिम व्यवस्थापन उपसमिति र लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा सञ्चालक समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । नागरिक लगानी कोष ऐन एवं लगानी नीतिको परिधिमा रही तोकिएको विधि प्रक्रिया र मापदण्ड अनुसार लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

८. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

नागरिक लगानी कोष र महाशक्ती सिमेन्टबीच सेयर प्रत्याभूति सम्झौता

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषले महाशक्ती सिमेन्ट लिमिटेडको सेयर प्रत्याभूति गर्ने भएको छ । सोसम्बन्धी सम्झौतामा मिति २०८३/०५/२६ गते कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सिमेन्ट कम्पनीका अध्यक्ष राजाराम खड्काबीच हस्ताक्षर भएको हो ।

उक्त कम्पनीले एक सय अंकित मूल्यको १ करोड ७८ लाख ५० हजार ८५७ कित्ताबराबरको १ अर्ब ७८ करोड ५० लाख ८५ हजार ७ सय रुपैयाँको सेयर निस्कासन गर्दै छ ।

कम्पनीले सम्झौता भएको मितिले ६ महिनाभित्र सेयर निष्कासन गरिसक्नुपर्नेछ । सो अवधिभित्र सेयर निष्कासन नभएमा पुनः नयाँ सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ ।



नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

कोषका अवकास योजना/कार्यक्रमहरू :

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

नागरिक लगानी कोषका सहभागीलाई चितवनको मनकामना अस्पतालमा छुट

काठमाडौं (ना.ल. कोष) । नागरिक लगानी कोषका सहभागी, सेयरधनी र कर्मचारीहरूलाई मनकामना अस्पताल प्रा.लि.भरतपुर, चितवनले सबै स्वास्थ्य सेवामा २० प्रतिशत छुट दिने भएको छ । सो सम्बन्धी सम्झौतामा कोषका निर्देशक हेमन्त पोखरेल र अस्पतालका बजार प्रमुख उमाकान्त बरालले मिति २०८३ साउन २६ गते हस्ताक्षर गर्नुभएको हो ।

सम्झौतासँगै अब कोषका सहभागी, सेयरधनी र कर्मचारीले २० प्रतिशत छुटको अतिरिक्त अस्पतालले उपलब्ध गराउने सिटी स्क्यान र अपरेसनमा १०/१० प्रतिशत र औषधी खरिदमा ५ प्रतिशत उक्त छुट पाउनुहुनेछ । उक्त छुट सुविधा लिन कोषका सहभागी, सेयरधनी तथा कर्मचारीले आफ्नो परिचयपत्र, सहभागीले कोषमा आबद्ध भएको प्रमाणपत्र वा अन्य पहिचान खुल्ने कागजात पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।





नागरिक लगानी कोष

सहभागीहरूलाई कोषले प्रदान गर्ने धितोमा आधारित कर्जासम्बन्धी जानकारी

विवरण / शीर्षक	आवास कर्जा (घर खरिद/घर निर्माण)	जग्गा खरिद कर्जा	घर मर्मत /फिनिसिङ	सरल कर्जा (सामाजिक कार्यका लागि)	सवारी कर्जा
योग्य हुने समय सीमा	२ वर्ष नियमित कोष कट्टी भएको ।	२ वर्ष नियमित कोष कट्टी भएको ।	२ वर्ष नियमित कोष कट्टी भएको ।	२ वर्ष नियमित कोष कट्टी भएको ।	२ वर्ष नियमित कोष कट्टी भएको ।
कर्जा रकमको सीमा	सुरु तलबमानको २० वर्षबराबरको तलब वा रु.१ करोड (पति/पत्नी दुवै जना कोषको सहभागी भएमा रु.१ करोड ५० लाख) मध्ये जुन कम हुन्छ ।	सुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. ७५ लाखमध्ये जुन कम हुन्छ ।	अधिकतम रु. २५ लाख सम्म ।	न्यूनतम रु. ५ लाख, अधिकतम रु. ५० लाखसम्म ।	सुरु तलबमानको १० वर्षको रकम वा अधिकतम रु. ५० लाखसम्म ।
धितो सूरक्षण (धितो मूल्यांकन कर्जा कार्यविधिअनुरुप हुने)	घर जग्गा	घर जग्गा	घर जग्गा	घर जग्गा	सवारीसाधन/थप धितो
कर्जाको अवधि	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ ।	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ ।	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ ।	५ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । सेवा अवधिभित्र नवीकरण गर्न सकिने ।	७ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ ।
किस्ता भुक्तानीसम्बन्धी व्यवस्था	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता ।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता ।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता ।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता ।	मासिक किस्तावन्दी ।
ब्याजदर *	६.७५ प्रतिशत	६.७५ प्रतिशत	६.७५ प्रतिशत	६.९५ प्रतिशत	६.७५ प्रतिशत
छुटसम्बन्धी व्यवस्था	**आर्थिक वर्षमा पाकेको सम्पूर्ण ब्याज पुस मसान्त र असार मसान्तमा नियमित ब्याज भुक्तानी गरेमा ब्याज रकमको ०.५ प्रतिशत छुट प्रदान गरिनेछ ।**				

*समय समयमा पुनरावलोकन हुन सक्नेछ ।

थप जानकारीका लागि :

नागरिक लगानी कोष

केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं ०१-५९७०२०१

शाखा कार्यालयहरू:

विराटनगर : ०२१-४७४९९६, जनकपुर : ०४१-५९१२३६/३७, पोखरा : ०६१-५४३२३४,
बुटवल : ०७१-५३४५२१, सुर्खेत : ०८३-५९०३४९४, धनगढी : ०९१-५९०३२५

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख संरक्षक : पर्वत कुमार कार्की, संरक्षक : शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, छविरमण अधिकारी, नवराज खड्का, सल्लाहकार : रोशन जंग कार्की, अमृत बहादुर अधिकारी, जनकराज कँडेल, हिरामणी खतिवडा, सम्पादक : **उद्धव सिलवाल**
डिजाइन/मुद्रण: रोल्वालिङ अफसेट प्रेश, बानेश्वर